हेटौंडा उपमहानगर प्रथम । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१६, अंक-३४ ● २०८० फागुन २१ गते सोमबार, ● 04 March, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### थाहामा पिपिआर रोग विरूद्धको अभियान जारी

# ८ हजार ३ सय बाखालाई खोप



विकास संवाददाता
थाहानगर

थाहा नगरपालिकाको १२ वटै वडामा भेडा बाखाहरूका लागि पिपिआर रोग विरूद्धको खोप अभियान सञ्चालन गरिएको छ । पशुसेवा कार्यालय मकवानपुरको प्राविधिक सहयोगमा खोप अभियान सञ्चालन गरिएको हो । पालिकाको पशु विकास शाखाको व्यवस्थापन सबै वडाका टोलटोल र गोठमै पुगेर भेडा बाखालाई खोप लगाउने कार्य भैरहेको छ । शाखा प्रमुख डाक्टर निकास भोलनका अनुसार-'थाहा नगरका १२ वटै वडामा खोप लगाउनका लागि ६ जना प्राविधिक खटिएका छन् ।' भेडा बाखाको हैजा रोगको रूपमा परिचित पिपीआर रोग विरूद्धको खोप थाहामा १६ फागुनबाट २२ फागुनसम्म लगाउने योजना रहेको डाक्टर भोलनले बताए ।

थाहानगरमा ४ दिनमा ८ हजार ३ सय बाखालाई खोप लगाइएको छ । सबैभन्दा बढि वडा नम्बर ६ मा दुई हजार वटा बाखामा खोप लगाइएको हो । हाल ६ जना प्राविधिकले ६ वटा वडामा खोप लगाइरहेकोमा बाँकी ६ वटा वडा १, ३, ४, ९, १० र ११ मा खोप लगाउन शुरू गरिएको छैन । तय गरिएको अवधिमा खोप लगाउन नभ्याएका वडाहरूमा समय थप गरेर भएपनि खोप लगाइने थाहा नगरपालिकाका पशु प्राविधिक रूपेश कुमार मिश्रले जानकारी दिए । उनले भने-'थाहाका ६ वटा वडामा खोप शुन्य देखिएको कारण ६ जना प्राविधिकले ६ वटा वडामा लगाइरहेकोले हो, अरू वडामा २० फागुनबाटै लगाउन शुरू हुनेछ ।' उनी थप्छन्-'किसानहरूले मेरो बाखा खोपबाट वञ्चित भए भन्ने नठान्नुहोला




सबैलाई खोप लगाउँछौं ।'

पशु प्राविधिक मिश्रका अनुसार वडा नम्बर २ मा १ हजार ९ सय वटा बाखालाई पिपीआर विरूद्धको खोप लगाइएको छ । त्यसैगरी वडा नम्बर ५ मा एक हजार ३ सय, ६ मा दुई हजार, ७ मा ८ सय, ८ नम्बर वडामा एक हजार २ सय र वडा नम्बर १२ मा एकहजार १ सय बाखालाई खोप लगाइसहिएको छ । भेडालाई पनि खोप लगाइने योजना रहेको भएपनि हालसम्म खोप लगाउँदा भेडा पालन नभेटिएको प्राविधिक मिश्रमले जानकारी दिए । थाहा नगरपालिका क्षेत्रका किसानहरूले पालेको भेडा बाखाका लागि पशुसेवा कार्यालय मकवानपुरबाट १७ हजार खोप प्राप्त भएको छ । गतवर्ष थाहानगरमा २५ हजार लगाइएको पशु विकास शाखाको अभिलेख छ । यसवर्ष ३० हजारमा खोप लगाउने शाखाको लक्ष्य छ ।

थाहा नगरपालिकामा प्रत्येक २ वटा वडामा एकजना प्राविधिक रहने गरी खोप अभियान सञ्चालन गरिएको हो । वडा नम्बर ४ र ५ मा सुन्दर बहादुर दोङ, वडा नम्बर २ र ३ मा बिजमान प्रधान, ११ र १२ मा दिल मोक्तान, १ र ६ मा राजाराम मोक्तान, ९ र १० मा माधवराज अर्याल र वडा नम्बर ७ र ८ मा मोहन बस्नेतले खोप लगाउने काम गरिरहेका छन् । उनीहरूले एउटा भेडा/बाखलाई खोप लगाएको १० रूपियाँका दरले पारिश्रमिक पाउने गर्दछन् । उक्त पारिश्रमिक खोप लगाएको पारिश्रमिक सहित आवश्यक औजारहरू समेत पशु सेवा कार्यालयबाटै उपलब्ध गराइन्छ ।

संघीय सरकारबाट प्रदेश सरकारको कृषि तथा पशुपंछी मन्त्रालयका लागि प्राप्त सशर्त बजेटबाट अभियान सञ्चालन गरिएको हो । खोप अभियानका लागि मकवानपुरका १० स्थानीय तहमा ७० जना खोपकर्ता तोकिएका छन् भने १ सय २० खोप केन्द्रहरू तोकिएको छ ।

# बागमती गाउँपालिकामा लिफ्ट् सिंचाईको उद्घाटन

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ५ मा नवनिर्मित लिफ्ट् सिंचाईको उद्घाटन भएको छ । १७ फागुनमा एक कार्यक्रमबीच गाउँपालिकाका अध्यक्ष सर्केश घलानले लीलावन लिफ्ट् सिंचाईको उद्घाटन गरेका हुन् ।

सिंचाई सेवाको उद्घाटन गर्दै अध्यक्ष घलानले खेतीयोग्य जग्गाहरू खाली नर ाखी सबै जग्गामा उत्पादन हुने अन्नबाली, फलफूल र तरकारी लगाउन सुझाव दिए । उनले उत्पादित अन्नबाली, फलफूल र तरकारीहरू बिक्रीका लागि समस्या भएमा बजार व्यवस्थापनमा स्थानीय सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । बागमती-५ का वडाध्यक्ष विजयी भोलनका अनुसार वडाको ५ लाख रूपैयाँ र बागमती प्रदेश सरकारको १० लाख रूपैयाँमा निर्मित सिंचाईको उद्घाटन भएको हो । बागमती नदीको पानी करिब ८० मिटरभन्दामाथि उचाइमा लिफ्टमार्फत् तानेर सिंचाई गरिने उनले बताए ।

हिउँदको समयमा सधैं उजाड रहने माटोमा सिंचाई सुविधा भएपछि कृषिउत्पादन बढ्ने उनको भनाइ छ । सिंचाईले १ सय घरधुरीका किसान लाभान्वित हुने वडाध्यक्ष भोलनले बताए । सिंचाई आयोजना निर्माणका लागि योगेश थोकरको अध्यक्षतामा उपभोक्ता समिति गठन भएको थियो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिना र वडा नम्बर ४ का वडाअध्यक्ष दन्तलाल माझीसहित स्थानीयको उपस्थिति रहेको थियो ।

# विद्यालय 'बालमैत्री घोषणा' हुँदै

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा रहेको बालजागृति इङ्लिस सेकेण्डरी विद्यालय बालमैत्री विद्यालय घोषणा हुने भएको छ । २२ फागुनमा विद्यालयले एक कार्यक्रमको आयोजना गरी बालमैत्री विद्यालय घोषणा गर्न लागेको १८ फागुनमा पत्रकार सम्मेलनको आयोजना गरी विद्यालयका प्रिन्सिपल बिनोद सुवेदीले जानकारी दिए ।

हेटौंडा उपमहानगरपालिकाले तयार पारेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेको २६ सूचक पूरा गरेसँगै बालजागृति बालमैत्री विद्यालय घोषणा गर्न लागेको उनले बताए । मकवानपुर जिल्लामा संस्थागत विद्यालयमा बालमैत्री विद्यालय घोषणा हुने बालजागृति पहिलो विद्यालय हो । 'बालमैत्री विद्यालय घोषणा हुँदै गर्दा चुनौतिहरू धेरै छन् ।' उनले भने-'घोषणा हुन्छ तर यसको कार्यान्वयन हुँदैन । तर बालजागृतिले घोषणा गरेसँगै निरन्तरता दिनेछ ।' 'बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका आउनु भन्दा अगावै बालजागृतिले धेरै सूचकहरू पुरा गरि सकेको थियो, उनले भने-'२६ सूचक मध्ये विद्यालय चारैतर्फ १०० मिटरको दूरी भित्र मद्यपान, धुम्रपान, सूर्तीजन्य वस्तु विक्री वितरण कार्यमा भने हेटौंडा उपमहानगरपालिका २ नम्वर वडा




कार्यालयले अनुगमन गरी विद्यालय आसपासको पसलमा विक्री वितरण गर्न रोक लगाएको छ ।' बालमैत्री विद्यालय घोषणा गर्नको लागि दृढ इच्छा शक्ति पनि हुनुपर्ने उनले बताए ।

हेटौंडा उपमहानगरपालिका २ नम्वर वडा कार्यालयका कार्यवहाक अध्यक्ष सुरज बर्तौलाले बालबालिकाको अधिकार सुनिश्चितताको लागि बालमैत्री विद्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । 'हेटौंडा उपमहानगरपालिका २ नम्वर वडामा ३ वटा विद्यालय रहेका छन् ।' उनले भने-'बालजागृति विद्यालयसँगै अरू विद्यालयसँग समन्वय गरी बालमैत्री विद्यालय घोषणा गर्ने छौं ।' कक्षा नर्सरी देखि १० कक्षासम्म बालजागृतिमा १ हजार ५ सय ३४ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।



# • सम्पादकीय •

## सम्पदा संरक्षणमा जुटौं

धर्म र दर्शनको सरलीकृत स्वरूप अर्थात संस्कृतिलाई अभिव्यक्त गर्ने प्रक्रियामा देखापर्ने मूर्त र अमूर्त सामाजिक क्रियाकलापको व्याख्यात्मक र भौतिक स्वरूप नै सांस्कृतिक सम्पदा हुन्। अर्को अर्थमा सांस्कृतिक र धार्मिक चिन्तनको प्रतिकात्मक स्वरूपमा निर्माण भएका भौतिक संरचनाहरू सांस्कृतिक सम्पदाको परिभाषाभित्र समाविष्ट भएको मानिन्छ। यिनै सांस्कृतिक सम्पदाले प्राचीन मानवजातिको इतिहास, धर्म, संस्कृति र आध्यात्मिक चिन्तनलाई भौतिक आधारमा अभिव्यक्त गरेका हुन्छन्। साथै तत्कालीन समाजको कला, वास्तुकला, वातावरण, पर्यावरण, शिल्प, सौन्दर्य र जीवन पद्धति अध्ययनका लागि महत्त्वपूर्ण आधार हुन्छन्। आज हामीले चाहेर पनि निर्माण र पुनःउत्पादन गर्न नसकिने प्राचीन मानव मस्तिष्कका सिर्जना र संस्कृतिका सम्वाहकरूपी यी विश्वव्यापी अनुपम र अद्वितीय महत्त्व बोकेका अमूल्य निधिहरू लामो समय र कालक्रमले गर्दा स्वाभाविक रूपले जीर्ण बन्दै नष्ट हुने अवस्थासम्म पुग्छन्। यी ऐतिहासिक र सांस्कृतिक धरोहरलाई जस्ताका तस्तै संरक्षण गरी भावी पुस्ताका लागि हस्तान्तरण गर्नैपर्ने गहन जिम्मेवारी हामीमा आएको छ।

भनिन्छ नि, नेपाल मन्दिरै मन्दिरको देश हो । मन्दिरसंगको सम्बन्ध सम्पदा, संस्कृति र अभिव्यक्तिसम्म जोडिएको हुन्छ । सम्पदाको संरक्षण अत्यन्त जटिल कार्य हो। अन्य आधुनिक भवन निर्माण गर्ने शैली र पद्धतिसँग सम्पदा संरक्षणको पद्धतिलाई तुलना गर्न मिल्दैन, नत पर्याप्त आर्थिक लगानी गर्दैमा सम्पदाको संरक्षण कार्य सम्पन्न हुन्छ । सम्पदा संरक्षणका लागि पर्याप्त धैर्य, अध्ययन, अनुसन्धान र अन्वेषण आवश्यक पर्छ। सम्पदाको ऐतिहासिक पृष्ठभूमि, त्यसको प्रयोग, मूल्य र त्यसमा निहित मूर्त र अमूर्त सांस्कृतिक परम्पराको अभिलेखीकरण र निरीक्षण गरेर मात्र सम्पदा संरक्षणको थालनी गर्नु उचित मानिन्छ। पुराना संस्कृतिको ऐतिहासिक साक्षीका रूपमा रहेका सम्पदाको एक विशिष्ट र नैसर्गिक मूल्य हुन्छ। यस विशिष्ट मूल्यको प्रामाणिकता र आधिकारिकताको दिगो संरक्षणको अवधारणलाई समेत कदर गर्दै सम्पदाको स्वरूप र शैलीमा परिवर्तन नआउनेगरी संरक्षण गर्नेतर्फ सचेत हुनैपर्छ। विश्वव्यापी महत्व दर्शाउने अद्वितीय र अनुपम सिर्जनाका कारणले नै हाम्रा सम्पदा विश्व सम्पदाको सूचीमा सूचीकृत भएका हुन् र त्यसैकारण यी विशिष्ट मूल्य बोकेका सम्पदाको संरक्षण गर्दा पनि क्षतिको आँकलन, त्यसको मूल्याङ्कन र वातावरणीय, पर्यावरणीय प्रभावको अनिवार्य अध्ययन गरेर मात्र प्रक्रिया अगाडि बढाउन उचित ठानिन्छ। यसका संरक्षणका लागि पुरातत्व विभागले मात्र सारा सम्पदाको एकैचोटी संरक्षण कार्य गर्न सक्दैन। उसका लागि समुदाय, स्थानीय, प्रदेश र संघीय सरकारले सम्पदा संरक्षणमा हातेमालो गर्नुपर्छ। सम्पदा संरक्षण सम्बन्धी ऐन, नियम, नियमावली लगायतका निर्देशक सिद्धान्तहरूका साथै संरक्षण विशेषज्ञको सल्लाहलाई पनि आधार मानेर हाम्रा स्मारकहरूको संरक्षण गर्नु पर्दछ ।

पछिल्लो समय बलियो बनाउने मनसायले अवलम्बन गरिएका आधुनिक उपायहरूकै कारणले सम्पदामा क्षति भैरहेको छ। प्राकृतिक सामग्री र स्थानीय प्रविधि प्रयोग गरी बनाइएका सम्पदामा ती सामग्रीभन्दा बलिया रड, सिमेन्ट र कंक्रिटजस्ता आधुनिक सामग्रीको प्रयोग हुँदा असन्तुलित संयोजनले सम्पदा नै जोखिममा परेको परिणाम देखिदै गएको छ । यसकारण प्राकृतिक वस्तु प्रयोग गरी सम्पदा संरक्षण कार्य गर्नु पर्दछ । परम्परागत शैली, स्वरूप, सामग्री र प्रविधिलाई समेत कायम राखी स्थानीयकर्मी र कालिगढहरूको परम्परागत अनुभवलाई पूर्ण तरिकाले प्रयोग गरी सम्पदाको संरक्षण गर्नु नै संरक्षणकर्मी र सम्बद्ध निकायहरूको विशेष दायित्व हो। यसतर्फ सबैको ध्यान जानू आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सबल अर्थतन्त्र निर्माणका लागि कृषिमा रुपान्तरण



◆ मदन अधिकारी

नेपालको अर्थतन्त्रलाई गतिशील बनाई दिगो र फराकिलो आर्थिक वृद्धि सहितको सबल अर्थतन्त्र निर्माणमा कृषि क्षेत्रको रूपान्तरण अपरिहार्य छ । प्रत्येक बर्षको बजेटमा कृषि रूपान्तरणको नारा अगाडि सार्ने तर कार्यान्वयनमा सिन्को नभाँच्ने परिपाटीका कारण कृषि क्षेत्र हिजो जस्तो दयनीय अवस्थामा थियो आज पनि त्यस्तै अवस्थामा छ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायीकरण, कृषि उपजहरूको भण्डारण तथा बजारीकरणमा यथेष्ट ध्यान पुर्याउन नसक्दा यस क्षेत्रबाट प्राप्त गर्न सकिने लाभ लिन नसकिएको स्पष्ट छ ।

सरकारले बजेट मार्फत सार्वजानिक गरेको 'उत्पादन साथमा, अनुदान हातमा' भन्ने नारा जति श्रवणप्रिय छ कार्यान्वयन त्यति नै फितलो छ । बीउ खरिद, रासायनिक मल, बिमा र यान्त्रीकरणमा दिइँदै आएको अनुदान बाहेकका सबै कृषि अनुदानलाई उत्पादनमा आधारित बनाउन श्रावण मसान्त भित्रमा मापदण्ड तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने कुरा उल्लेख भएता पनि सो दिशामा सरकारले नतिजामुखी काम गरेको देखिदैन । बजेटमा उल्लेख भएको 'रैथानेमा गर्व गरौं' भन्ने नारा पनि कम कर्णप्रिय पक्कै छैन । प्राकृतिक तथा पोषणयुक्त रैथाने बालीको बिऊ संरक्षण गरी खेति विस्तार गर्ने लक्ष्यका साथ तय गरिएको उक्त नारा भन्दा हाम्रो बानीव्यवहार ठिक उल्टो छ ।

नेपालको उत्पादन भन्नेबित्तिकै नाक खुम्च्याउने र विदेशी उत्पादन देख्नेवित्तिकै हात लम्काउने हाम्रो प्रवृत्ति पनि उतिकै जिम्मेवार छ । यस्तै खेतियोग्य जमिन बाँझै रहने र युवा शक्ति विदेश पलायन हुनु प्रमुख कारक हुन् । विप्रेणबाट प्राप्त हुने आयमा निर्भरता बढ्दा कृषि उत्पादनको योगदान घट्दै गइरहेको छ । एकातर्फ स्वदेशमा नै कृषि उपजको उत्पादन नहुदा यसको आयात बढेको छ भने अर्कोतर्फ विप्रेषणबाट प्राप्त हुने आयको अधिकांश हिस्सा उपभोग्य वस्तुको आयातमा हुने खर्चका रूपमा विदेश तिरै सोझिरहेको छ । गुणस्तरीय बिउ बिजनमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ अगाडि बढेको मुलुकलाई यथेष्ठ बिउ उपलब्ध नभएका विभिन्न छापाहरूका हेडलाइनहरूले गिज्याइरहेको अनुभव हुन्छ । गुणस्तरिय बिउ बिजनको जातीय अनुसन्धानको अवस्था दयनीय छ ।

एकातिर उपलब्ध श्रोत, साधन तथा जनशक्तिको अभावमा कृषि अनुसन्धान परिषद सुस्ताइरहेको छ भने अर्कोतर्फ निजी क्षेत्रको सहभागिता न्युन रहँदै आएको छ । आय आर्जन रोजगारी तथा जीविकोपार्जनको दृष्टिले राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड कृषि क्षेत्रमा संलग्न जनसंख्या र कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ । अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण २०७९/८० मा उल्लेखित तथ्यांकको आधारमा सन् २०१८ मा भएको श्रमशक्ति सर्वेक्षणमा कृषि क्षेत्रमा संलग्न रहेका जनसंख्या ६०.४ प्रतिशतबाट घटेर सन् २०२१ मा ५०.४ प्रतिशत पुगेको छ । आव २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३०.३ आव २०७९/८० मा २४.१ प्रतिशतमा झरेको छ ।

लागत सुरक्षाको अभाव तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित बजारमूल्य नपाउँदा खेति किसानी गर्नुभन्दा खाडीको गर्मीमा काम गर्न रूचाउने जमात बढदै गइरहेकाले कृषिप्रतिको आकर्षण घट्दो छ । आ.व २०७९/८० मा सिंचाइ सुविधाको विस्तार मा सुस्तता देखिएको छ । आर्थिक सर्वेक्षण २०७९/८० का अनुसार २०७९ को फागुन मसान्तसम्ममा जम्मा सिँचित जग्गा १५ लाख ३३ हजार २ सय ६९ पुगेको थियो जुन नेपालको कुल सिचाँइयोग्य जमिनको ८७ प्रतिशत र कुल खेतियोग्य जमिनको ५८ प्रतिशत हो । राष्ट्रिय गौरबका सिँचाइ आयोजनाहरू (सिक्टा, रानी जमरा कुलेरिया, भेरी बबई डाइभर्सन, सुनकोशी मरिन डाइर्भसन, बबई) समयमा नै निर्माण सम्पन्न नहुँदा कृषियोग्य जमिनमा सिँचाइ पुग्न नसक्दा उपलब्धि हासिल गर्न सकिएको छैन ।

१५ औं योजनाले तय गरेको उत्पादन र उत्पादकत्व अभिवृद्धिको दीर्घकालिन राष्ट्रिय रणनीतिले कतिको फड्को मार्यो त्यो पनि समीक्षा गर्न जरूरी छ । अघिल्लो योजनामा वैज्ञानिक, व्यावसायिक, बजार र उपभोक्तामुखी कृषि प्रणालीको विकास मार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी, दिगो आत्मनिर्भर र निर्यातमुखी बनाउने लक्ष्य राखे तापनि कृषि उपजहरूमा थप परनिर्भर र आयातमुखी भैरहेको छ । राष्ट्रिय योजना आयोगबाट श्रावणमा स्वीकृत नेपालको सोह्रौं योजना (आ.ब. २०८१/८२-२०८५/८६) को अवधारणापत्रले न्यून उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत, कमजोर प्रतिशपर्धी क्षमता,लागतको तुलनामा न्युन प्रतिफलयुक्त कृषि उपज, कृषि प्रतिको बढ्दो विर्कषण तथा आधारभुत खाद्य पदार्थमा परनिर्भरतालाई कृषि क्षेत्रको विकासमा देखिएका मूलभूत चुनौतीको रूपमा चित्रण गरेको छ ।

प्राथमिक क्षेत्रको सबलीकरणलाई रणनीतिका रूपमा अगाडि सारेको योजनाले कृषि रूपान्तरणका लागि के कस्ता कार्यक्रमहरू समावेश गर्छ, हेर्न बाँकी छ । यसै वर्षको पुसको तेश्रो साता कृषि तथा पशुपन्छी मन्त्रालयले सार्वजनिक गरेको धानबालीको उत्पादन अनुमान सम्बन्धी प्रेस विज्ञप्तीले नेपालमा चालु आ.ब २०८०/८१ मा धानको उत्पादनमा वृद्धि भई ५७ लाख २४ हजार २ सय ३४ मेट्रिक टन पुगेको देखाएको छ ।

यसैगरी धानको उत्पादकत्वमा वृद्धि भई ३.९८ मेट्रिक टन प्रति हेक्टर पुगेको छ । प्रदेश स्तरमा धानको उत्पादकत्व तुलना गर्दा सर्वाधिक बढी कोशीमा ४.४३ मेट्रिक टन प्रतिहेक्टर रहँदा सबैभन्दा न्युन कर्णाली प्रदेशमा ३.४६ मेट्रिक टन प्रतिहेक्टर रहेको छ । नेपालको अन्न भण्डारका रूपमा हेरिएको मधेश प्रदेशमा भने उत्पादकत्व न्युन (३.४९ मेट्रिक टन प्रति हेक्टर)छ । उत्पादन वृद्धि हुनमा उन्नत बिउको उपलब्धता, किराको प्रकोपमा कमी, बाढी तथा पहिरोबाट धानबालीमा न्युन क्षती, मलखादको उपलब्धता, कृषि औजार र प्रविधिको प्रयोग र मौसम अनुकुलता रहेको मन्त्रालयको दाबी छ । यद्यपि, धान बालीमा भएको यस्तो वार्षिक वृद्धिले मात्र फराकिलो आर्थिक वृद्धिको लक्ष्य प्राप्त हुन सक्ने अवस्था देखिदैन ।

एकातिर सरकार तथा अन्य दातृ निकायको ध्यान मुख्य गरी धानबालीको उत्पादनमा केन्द्रित भैरहँदा अर्कोतर्फ धान सहितका तुलनात्मक लाभ बढी हुने अन्य कृषि खाद्यान्नमा नेपालले लगानी बढाउनु पर्ने कोणबाट पनि कृषिविज्ञहरूले बहस थालेका छन् । यस्ता नयाँ बहसमा भियतनामले कफी उत्पादनबाट प्राप्त आर्थिक लाभलाई उदाहरणको रूपमा लिने गरिएको छ । मानिसको आयमा वृद्धि भएसँगै पोषण विविधीकरणमा पनि प्रभाव पर्ने विभिन्न तथ्यहरूले देखाएको सन्दर्भमा, नेपालमा पनि खाद्यान्न विविधीकरणले चामलको खपत कम हुन सक्ने अनुमान लगाउन सकिन्छ । त्यसैले धान लगायत अन्य बाली विविधीकरणमा सरकारको ध्यान जानुपर्ने देखिन्छ ।

छिमेकी मुलुक भारतले धान, गहुँ, उखु, जौ, मास, मकै मुङ्ग, भटमास, बदाम, कपास, चना, तोरी, जुट लगायतका ३० भन्दा बढी कृषि उपजहरूको न्युनतम समर्थन मूल्य तोक्दै आएको छ । नेपालमा भने दूध, धान, गहुँ र उखुको मात्र न्युनतम समर्थन मूल्य तोकिन्छ । तसर्थ नेपालमा पनि सम्भव भएसम्म कृषि उत्पादनहरूको न्युनतम समर्थन मूल्य कायम गर्दा कृषकहरूले लागत मूल्य प्राप्त गर्न सक्ने र कृषिमा लाग्न थप प्रोत्साहन मिल्नेछ । यसका अलावा भारतमा कृषि क्षेत्रमा संलग्न कृषकहरूले ठूलो मात्रामा अनुदान प्राप्त गर्ने भएकाले उत्पादित कृषि उपजहरूको लागत मूल्य कम रहन्छ । नेपालको सन्दर्भमा यस्ता अनुदानहरूको उपलब्धता न्यून भएकाले कृषि उत्पादनको लागत मूल्य धेरै हुन जान्छ । यस्तो अवस्थामा अन्तर्राष्ट्रिय बजार त परको कुरा हाम्रै आफ्नै बजारमा पनि नेपाली उत्पादनहरूले प्रतिस्पर्धा गर्न सक्ने देखिदैन । तसर्थ कृषि उपजको निर्यात गर्ने रूमानी उडान छाडेर नेपालका रैथाने बालीहरूको उत्पादन तथा उत्पादकत्व बढाएर लागत मूल्य घटाउँदै, त्यसलाई पर्यटनसँग जोड्न सके लिन सकिने लाभको दायरा फराकिलो हुन सक्छ ।

नेपाल राष्ट्र बैकंले सार्वजनिक गरेको तथ्यांकका आधारमा आ व २०७९/८० मा आयात हुने मुख्य २० उपजहरूमा धान (चामल) नवौं स्थानमा पर्दछ भने खाने तेल १९ औं स्थानमा छ । यी दुई कृषि उपजमा मात्र स्वउत्पादन पर्याप्त हुँदा वार्षिक ५६ अर्ब रूपैयाँ सञ्चित हुने देखिन्छ । यसरी नै अन्य प्रचुर सम्भावना बोकेका कृषि उपजहरू मकैं, गहुँ, कोदो आवश्यक मात्रामा उत्पादन

*बाँकी पेज ३ मा*

## सबल अर्थतन्त्र ... . .

गर्न सके कृषि आयातका नाममा बाहिरिने ठूलो रकम सञ्चित हुन सक्छ ।

एकातिर कृषि उत्पादनसँगै रोजगारीमा बृद्धि भई आयस्तर बढ्न सक्छ भने अर्कोतर्फ सञ्चित रकमलाई अन्य प्राथमिकताका क्षेत्र जस्तै पूर्वाधार निर्माणमा लगाउन सकिन्छ । जसका कारण अर्थतन्त्र सबलीकरणमा टेवा पुग्न सक्छ । पछिल्ला वर्षहरूको कृषि, गैर कृषि तथा कुल गार्हस्थ उत्पादनको वृद्धिदर हेर्दा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन गैर कृषि क्षेत्र तथा समग्र अर्थतन्त्रको तुलनामा बढी सन्तुलित देखिन्छ । कोभिड महामारीको समयमा सारा विश्व हायलकायल भैरहँदा पनि कृषि क्षेत्रका क्रियाकलापहरू निरन्तर सञ्चालनमा रहेकाले न्युन प्रभाव परेको यथार्थ हाम्रा अगाडि प्रष्टै छ । तसर्थ प्रतिकूल परिस्थितिमा पनि सन्तुलित वृद्धिको सुनिस्चितता भएको कृषि क्षेत्रका विद्यमान समस्या समाधानका लागि आवश्यक कानुन तथा नीति नियममा समायानुकुल परिमार्जन आवश्यक छ ।

जग्गा जमिनको किनबेचबाट प्राप्त हुने राजस्वको पछाडि नलागी खेतियोग्य जमिनको खण्डीकरणलाई निरूत्साहित गर्न यथासक्य चाँडो कानुन तथा नीति नियम परिमार्जन गर्नुपर्छ । यसो गरे कृषि जमिनलाई प्लटिङ्ग व्यवसायमा रूपान्तरण हुनबाट जोगाउन सकिन्छ । यसका साथै जमिनको चक्लाबन्दीलाई प्रोत्साहन, करार तथा व्यवसायिक खेती, सहकारी खेती र सामूहिक खेतिको अभ्यासलाई द्रुत गतिमा कार्यान्वयन गर्न अत्यावश्यक छ । समग्रमा, नेपालको अर्थतन्त्रमा उल्लेख्य वृद्धि हासिल गर्न कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा र ख्नुपर्छ । सबल अर्थतन्त्र निर्माणमा लाग्ने हो भने स्वदेशमै उत्पादित वस्तु तथा सेवाको उपभोगमा वृद्धि गर्दै आयातित वस्तु तथा सेवाको परनिर्भरता घटाउँदै लैजान आवश्यक छ । जसका लागि सुरुवात कृषि उपजहरूको उत्पादकत्व वृद्धि गरी आयात कटौतीबाट गर्न उपयुक्त हुन्छ ।

जसका लागि कृषि क्षेत्रमा पर्याप्त लगानी गरी कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, कृषि उपजहरूको भण्डारण तथा बजारीकरणमा आमुल परिवर्तन सहितको कृषि रूपान्तरण गर्न जरूरी छ ।

(लेखक अधिकारी अर्थशास्त्रका अध्येता हुन् ।)



# गुलियो चिनीको
# तितो असर !

नेपाली समाजमा भनाइ छ– 'रातो राम्रो गुलियो मीठो ।' गुलियो भन्नेबित्तिकै चिनी जोडिइहाल्छ । चिनी यस्तो कुरा बनेको छ कि जुनबिना जिब्रोको स्वाद नै फिक्का भइरहेको महसुस हुन्छ । नेपालमा मात्रै होइन, विश्वभर नै चिनीको माग र खपत बढ्दो छ । तर चिनीको फाइदा भन्दा बढी बेफाइदा छन् भन्ने कुरामा भने हामीमध्ये धेरैलाई हेक्का छैन । हामी गुण र अवगुण नचिनी धेरै चिनी खाइरहेका छौं । गुलियो मानव जातिको प्रिय स्वाद भएकाले परिकारमा त्यो स्वाद खोज्नु स्वभाविकै हो । चिनी थपेपछि खानेकुरा मीठो हुन्छ, तर निष्क्रिकी खाने हो भने शरीरले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ ।

करिब २५ सय वर्षअघि भारतमा सुरु भएको प्रशोधित चिनी आज विश्वका अधिकांश मुलुकमा उत्पादन हुन्छ । यसको आपूर्तिका लागि उखु बालीको उत्पादन विश्वमा धान र अनाजपछि सबैभन्दा बढी हुन्छ । अमेरिकन हार्ट एसोसिएसनका अनुसार अमेरिकी नागरि कहरू प्रतिदिन औसत १७ चिया चम्चा चिनी खाने गर्छन् । विश्वका विकसित मुलुकमध्ये अमेरिका बढी र जापान कम चिनी खपत हुने मुलुक हुन् । नेपालको सन्दर्भमा हाम्रो पारम्परिक खानामा केही चाडपर्वमा खाइने पकवान बाहेक चिनीको प्रयोग न्यून हुन्छ । रैथाने खानेकुराहरूमा गुलियो स्वाद थप्न चिनीको सट्टा सख्खरको प्रयोग गरिन्छ । यसो भएपनि चिनी हालेको दूध–चिया एवं अन्य गुलियो पेय पदार्थको लोकप्रियता नेपाली समाजमा बढेकै छ ।

### चिनी एक रसायन:

हामीले प्रत्येक दिन चिया, कफी वा अन्य खानेकुरामा थपेर खाने सेतो चिनी एक शुद्ध रासायनिक पदार्थ हो । चिनीको रसायनिक नाम 'सुक्रोज' हो, जुन 'ग्लुकोज' र 'फ्रुकटोज' मिलेर बनेको हुन्छ । प्रशोधित चिनी जसलाई 'टेबल सुगर' पनि भनिन्छ, यी दुई रसायनबाहेक त्यसमा अरू कुनै पोषकतत्व हुँदैन । हामीले खाने प्रायः खानेकुरामा विभिन्न मात्रामा चिनी पाइन्छ । सुक्रोज (डाइसेकराइड) अनि मोनोसेकराइड जस्तै ग्लुकोज, फ्रुकटोज, ग्लाकटोज लगायत नाम र बनावट जेसुकै भए पनि यी सबै कार्बोहाइड्रेट हुन् । खानेकुरामा रहेको कार्बोहाइड्रेटलाई टुक्राएर सिधै र छिटो चिनी शरीरभित्र प्रवेश गर्छ । चिनीको बनावट अनुसार तिनीहरूको गुण पनि फरक पर्छ । जस्तै, ग्लुकोज र फ्रुक्टोज दुवै उस्तै मोनोसेक्राइड हुन् तर दुवैको मेटाबोलिक असर भिन्न हुन्छ ।

### किन खाइन्छ यति धेरै चिनी ?

चिनी मुखमा हाल्नेबित्तिकै जिब्रोले गुलियो स्वाद अनि शरीरले शक्ति प्रदान गर्छ । यसले मिठासको अनुभूति दिनुका साथै खुसी हार्मोन डोपामिनको उत्पादन गर्न उत्प्रेरित गर्छ । यस्तोमा मस्तिष्कले चिनीलाई एक गुणकारी पदार्थ सम्झेर बारम्बार गुलियो खाने लालसा वा लत जगाउँछ । अधिक तनाव, अनिद्रा, भोकले पनि बढी गुलियो खोज्छ । हामीले खाने प्राकृतिक खानेकुराबाट शरीरले चिनी प्राप्त गरिरहेको हुन्छ । एक स्वस्थ मानिसलाई यसको परिपूर्तिका लागि चिनी थपेर खाइर हनुपर्दैन । त्यसमा पनि प्याकेटबन्द तयारी खानेकुरा खाने हो भने अनावश्यक चिनी शरीरले बेहोर्नुपर्ने हुन्छ ।

जस्तै, सहरी जनजीवनमा दैनिक बिहानको खानामा सामेल हुने अन्नमा निक्कै धेरै चिनी थपिएको हुन्छ । कुनै–कुनै ब्रान्डका १०० ग्राम अन्नमा २० ग्राम या त्योभन्दा बढी चिनी हुन्छ । यसो भएपनि आम उपभोक्तालाई यो जानकारी नभएकाले गुलियो मनलाग्दी खाइन्छ । शरीरमा चिनीको प्रवेश सबैभन्दा धेरै गुलिया पेय पदार्थ (जस्तै सोडा, कोला, लेमोनेड)को सेवनले हुन्छ । भनिन्छ, करिब ३५५ मिलिलिटर कोकको क्यानमा ३९ ग्राम चिनी मिसिएको हुन्छ । विकसित मुलुकमा यस्ता पदार्थको सेवन घटदो छ भने भारत, चीन जस्ता मुलुकमा बढ्दो छ । विशेषगरी युवापुस्तामा यस्ता पेय पदार्थप्रति आकर्षण छ ।

यसका अतिरिक्त स्वीट टी, चकलेट, फ्रुटजुस डायटेरी सुगरको अन्य प्रमुख स्रोतहरू हुन् । धेरैलाई फ्रुटजुस स्वस्थकर लाग्न सक्छ । धेरै मुलुकमा बिहानको ब्रेकफास्ट वा तिर्खाएको बेला टन्न जुस पिउने चलन छ । अष्ट्रेलिया, न्युजिल्याण्ड जस्ता मुलुकमा फलफूल जुस निकै लोकप्रिय छ ।

### कति खाने चिनी ?

वास्तवमा चिनी स्वादे जिब्रोलाई चाहिने हो, शरीरलाई होइन । खाने नै हो भने पनि अमेरिकन हार्ट एसोसियेसनका अनुसार प्रतिदिन एक स्वास्थ मानिसले ६ चियाचम्चा नबढाई चिनी खान सकिन्छ । एक चिया चम्चामा करिब चार ग्राम चिनी हुन्छ । गुलिया पेय पदार्थको हकमा चिनीको नकारात्मक असरबाट बच्न हप्तामा एक पटक २०० देखि ३५५ मिलिलिटर नबढाई पिउनु उपयुक्त हुन्छ ।

### गुलियो चिनीको तीतो असर:

चिनी गुलियो स्वादको प्रतिनिधि तत्व भएपनि जनस्वास्थ्यको दृष्टिकोणले यो तीतो गुलियोको रूपमा परिणत हुँदैछ । चिनीको अधिक सेवन मोटोपन, मधुमेह, क्यान्सर लगायत धेरै दीर्घरोगलाई बढावा दिन्छ । यद्यपि, चिनी मात्र यी रोगका कारण होइन । तर यसको सेवन बढाउँदा स्वास्थ्य समस्या बढ्ने र कम गर्दा घट्ने भने हुनसक्छ । विशेषगरी मधुमेह २ मा यसको ठूलो भूमिका रहेको हुन्छ । जब चिनी रगतमा प्रवेश गर्छ यसले इन्सुलिन उत्पादन गर्न आमाशयलाई संकेत गर्छ । इन्सुलिन यस्तो हार्मोन हो, जसले रगतको चिनी (ग्लुकोज)लाई मांसपेशी अनि फ्याटसेलमा प्रवेश गराउँछ । जुन शक्ति उत्पादनमा खर्च हुन्छ । अत्यधिक चिनीयुक्त खानेकुरा बारम्बार सेवन गर्ने हो भने प्याङ्क्रियाजले इन्सुलिनको उत्पादन बढाउँछ । इन्सुलिन यसरी बढिरहने हो भने कोषले इन्सुलिनलाई स्वागत होइन, अस्वीकार गर्छ । अर्थात् इन्सुलिन प्रतिरोधी (रेसिस्टेन्ट) हुन्छ ।

यसरी चिनीको अत्यधिक सेवनले मधुमेहको जोखिम बढाउँछ । अर्को कुरा खाएको अनावश्यक चिनी शरीर मा धेरै भण्डार भएर रहन सक्दैन । त्यसैले चिनी चिल्लो पदार्थ (फ्याट)मा परिवर्तन हुन्छ । अधिक चिनीको सेवनले मुटुमा पनि समस्या सिर्जना गर्छ । र गतमा उच्च चिनी (ग्लुकोज) हुनेहरूमा मुटरोग हुने सम्भावना धेरै हुन्छ ।

यति मात्र होइन, रगतमा ग्लुकोज वा फ्रुकटोजको मात्रा बढिरहने हो भने त्यसले प्रोटिनसँग प्रतिक्रिया गरेर हानिकारक तत्व (ग्यालकेसन इन्ड प्रोडक्ट) बन्न थाल्छ । त्यस्तै, छालामा देखिने चाउरीपनमा यसको असर हुन्छ । त्यसैले स्वस्थ र सुन्दर छालाका लागि चिनी कम खान सल्लाह दिइन्छ । चिनीको हानिकारक असर यति धेरै हुने भएकाले कतिपय वैज्ञानिकहरूले चिनीलाई विषाक्त पदार्थ सरह मान्छना यसमा कति सत्यता होला ? यो एक चर्चाको बिषय हुन् सक्छ । तर अधिक चिनीको सेवन स्वास्थ्यमा कुनै नकुनै रूपमा हानिकार क हुन् सक्ने धेरैजसो वैज्ञानिक अध्ययन र अनुसन्धानले पुष्टी गरिसकेको छ ।

### के गर्ने त ?

'अलिकिति चिनी हुन्छ ठिक्क, तर धेरैले दिन्छ दिक्क' । अर्थात्, सावधानीपूर्वक चिनीको गुणलाई चिनेर खाने हो भने स्वाद र स्वास्थ्य दुवै ठीक रहन्छ । मुख्य कुरा आफ्नो शरीर को स्वास्थ्य अवस्था (मेटाबोलिजम) अनि दिनचर्या (निष्क्रिय वा शारीरिक सक्रिय) कस्तो छ, त्यसलाई विचार पुऱ्याउनुपर्छ । मधुमेहको वा मोटोपनको संकेत देखिएको छ भने चिकित्सकीय सल्लाहमा मात्र के कति गुलियो खाने निर्धारण गर्नु बुद्धिमानी हुन्छ ।

चाडपर्व वा खुसियालीमा खाइने गुलियो, मीठो खानेकुरा सचेत भएर खानुपर्छ । मिठाई, बिस्कुट, केक, चकलेट, ब्रेड (पाउरोटी) लगायत खानेकुरा नखाने वा खानैपरे कम खानुपर्छ । प्याकेट बन्द वा प्रोसेस फुड नखानु स्वस्थकर भएपनि आजको जीवनशैलीमा यी चीजबाट विल्कुलै टाढा रहन गाह्रै हुन्छ । त्यस्तो अवस्थामा तयारी खानेकुरालाई खाँदै नखानु भन्दा पनि चेतनशील भएर खान सकिन्छ । मात्रा अनि खाने तरिकामा परिवर्तन गरेर खाने हो भने यी खानेकुराको सेवन हानिकारक हुँदैन ।

-अनलाइनखबरबाट






# हेटौंडा उपमहानगरमा कम्प्लेक्स निर्माण गर्ने डिपिआर स्वीकृत

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-१० मा कम्प्लेक्स निर्माणका लागि तयार भएको करिब ६६ करोड रूपैयाँको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) स्वीकृत गर्ने निर्णय गरेको छ । १६ फागुनको कार्यपालिका बैठकले हेटौंडा उपमहानगरको गौरवको योजनाअन्तर्गत नगर विकास कोषसँग ऋण लिई निर्माण गर्न लागेको कम्प्लेक्सको डीपीआर स्वीकृत गर्ने निर्णय गरेको हो ।

कार्यपालिका बैठकले गरेको निर्णय सार्वजनिक गर्दै नगरको गौरवको आयोजनाका रूपमा कम्प्लेक्स निर्माणलाई अघि सारेको जनाइएको छ । कार्यतालिकाअनुसार बसेको कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको हो । कार्यपालिका बैठकले १४ वटा बुँदामा विभिन्न निर्णय गरेको छ । अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णय कार्यान्वयनमा समीक्षा गर्नुका साथै उपमहानगर कार्यपालिका बैठक आवश्यकता अनुसार प्रत्यक्ष प्रसारण गर्ने, प्रवक्ता मार्फत निर्णय सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई, नगर स्थापना दिवस, नगर सभालगायतका विशेष महत्वका कार्यक्रम प्रत्यक्ष प्रसारण गर्ने निर्णय गरिएको छ ।

उपमहानगरलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको समीक्षा गरी बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ सम्मको वडा नं. १० र १५ को स्वीकृत गर्ने निर्णय गरेको नगरप्रवक्ता सबिन न्यौपानेले जानकारी दिए । उपमहानगरको गौरवको योजनाअन्तर्गत नगरविकास कोषसँग ऋण लिई हेटौंडा-१० मा हेटौंडा कम्प्लेक्स निर्माणको लागि तयार भएको करिब ६६ करोडको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने, सहरी विकास मन्त्रालयबाट सघन सहरी विकास कार्यक्रमअन्तर्गत प्राप्त २५ करोड बराबरको विभिन्न परि योजना कार्यान्वयन गर्न सघन सहरी तथा भवन निर्माण आयोजना, चितवनबाट प्राप्त विस्तृत परियोजना प्रतिवदेन संशोधन गर्नको लागि अनुरोध गर्ने निर्णय गरिएको प्रवक्ता न्यौपानेले बताए ।

उपमहानगरको सबै वडामा आगामी आर्थिक वर्षमा सञ्चालन गरिने परियोजनाको सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्नुपर्ने भएको हुँदा वडा कार्यालयसँग त्यस्ता परियोजना सात दिनभित्र माग गरी विस्तृत परियोजना प्रतिवेदन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको छ । उपमहानगरद्वारा सञ्चालित आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने क्रममा विभिन्न कारणले सुरू लागत अनुमान भन्दा फरक भई भेरिएशन भएमा त्यस्तो भेरिएशनको अध्ययन गरी प्रतिवेदन पेश गर्न हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन संयोजक, हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, हेटौंडा-८ का वडाअध्यक्ष रामकृष्ण थापा सदस्य रहेको समिति गठन गर्ने निर्णय गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

खानेपानी व्यवस्थापन वोर्डले उपमहानगरको साझेदारीमा सञ्चालन भएका आयोजनाबाहेक उपभोक्ता समितिमार्फत सञ्चालित योजनाको कार्यान्वयन अवस्थाको अध्ययन गरेबापत सम्झौता बमोजिमको ३० प्रतिशतमा हुन आउने रकम २ लाख ६१ हजार रूपैयाँ वोर्डलाई भुक्तानी दिने लगायतको निर्णय गरेको छ ।

# मकवानपुरका ८ पालिकाले स्वत: प्रकाशन नै गरेनन्




◆ विकास संवाददाता

मकवानपुरका अधिकांश स्थानीय तहहरूले तीन/तीन महिनामा आफ्नो प्रगती तथा क्रियाकलाप सार्वजनिक नगरेको पाइएको छ । यद्यपि जिल्लाको थाहा नगरपालिका र इन्द्रसरोवर गाउपालिकाले भने सार्वजनिक गरिरहेका छन् ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम हरेका सार्वजनिक निकायले तीन/तीन महिनामा कार्यालयले सम्पादन गरेको क्रियाकलाप र प्रगतीसहितको विवरण सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था र हेको छ । थाहा र इन्द्रसरोवरले चालु आर्थिक वर्ष २०८०/०८१ को दुई त्रैमासिककै प्रगती सार्वजनिक गरेका छन् । थाहा नगरपालिकाले पछिल्लो पटक १० माघमा नगरपालिकाका सूचना अधिकारी सुरज कुमार भुजेलले पालिकाको वेभसाइट मार्फत विवरण सार्वजनिक गरेका हुन भने इन्द्रसरोवर गाउँपालिकाका सूचना अधिकारी दिपक चापागाइले विवरण सार्वजनिक गरेका छन् ।

दुई पालिकाको शाखागत विवरण सहित सार्वजनिक गरिएको उक्त विवरणहरू पालिकाको अफिसियल फेसबुकमा पनि सार्वजनिक गरिएको छ । सूचनाको हक सम्बन्धी ऐन बमोजिम हेटौंडा उपमहानगरपालिकासहित भीमफेदी गाउँपालिका, मकवानपुरगढी, बागमती, बकैया, मनहरी, कैलाश र राक्सिराङ गाउापालिकाले तीन/तीन महिनामा विवरण सर्वाजनिक नगरेका हुन् ।

जिल्लाका सार्वजनिक तह र निकायहरूलाई तीन/तीन महिनामा कार्यालयहरूबाट सम्पादित क्रियाकलापको विवरण सार्वजनिक गर्नका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले समेत ताकेता गरेको छ । गत २५ पुसमा प्रमुख जिल्ला अधिकारी सुर्य प्रसाद सेढाइको अध्यक्षतामा बसेको जिल्लाका सूचना अधिकारीहरूको बैठकले १० माघ भित्र विवरण सार्वजनिक गर्ने निर्णय समेत भएको थियो । निर्णय कार्यान्वयन नभएपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले पालिकाहरूलाई निर्णय कार्यान्वयन गर्न अनुरोध समेत गरेको छ ।

# तिल्केश्वरमा खेलमैदान शिलान्यास



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ मा तिल्केश्वर खेल मैदान निर्माण हुने भएको छ । मैदानको १९ फागुनमा नगर प्रमुख मीनाकुमारी लामाले शिलान्यास गरेकी छन् । चालु आर्थिक बर्ष २०८०/०८१ मा उपमहानगरले बिनियोजन गरेको बजेट मार्फत निर्माण हुने मैदानको सनिवार नगर प्रमुख लामाले शिलान्यास गरेकी हुन् ।

उपमानगरले चालु आर्थिक वर्षमा छुट्याएको १५ लाख सहित उपभोक्ता तथा अन्य गरी १६ लाख ६७ हजार ८४९ रूपियाँको लागतमा आउँदो वैशाखसम्ममा निर्माण गर्ने लक्ष्य रहेको छ । नगर प्रमुख लामाले शिलान्यास गरेसँगै मैदान निर्माणको काम अघि बढ्ने निर्माण समितिका अध्यक्ष बिज्ञानकुमार नेपालले जानकारी दिए । उनका अनुसार मैदानको पश्चिम भागमा रहेका खाडललाई ग्याभिङ वाल लगाएर पुर्ने काम सँगै अहिलेका लागि भलिवल, टेबलटेनीस र फुटसल खेलमा लागि मैदानलाई व्यवस्थापन गरीने छ । चालु बर्ष छुट्याएको बजेट मार्फत पहिलो चरणको काम गरेसँगै आगामि बर्षका लागि पनि बजेट माग गर्न आवश्यक रहेको उनले बताए ।

मैदानको शिलान्यस गर्दै नगर प्रमुख लामाले उपमहानगरले खेल र खेलाडीका लागि आवश्यक बजेट छुट्याएर काम गरीरहेको बताइन् । उनले उपमहानगरले नगरका बिभिन्न वडाहरूमा रहेका मैदानलाई व्यवस्थित गर्नका लागि बजेट बिनियोजन गर्दै कामलाई अघि बढाएको बताइन् । खेल मैदानलाई व्यवस्थित गर्दै खेलाडी उत्पादन गर्ने कामम उपमहानगर रहेको उनले बताइन् ।

शिलान्यास कार्यक्रममा हेटौंडा ११ का वडा अध्यक्ष जुना दाहालले अहिले प्रारम्भ भएको मैदानको कामलाई अघि बढाउन आवश्यक सहयोग गर्ने बताइन् । अहिले नगरबाट आएको बजेटबाट काम थालिएका भएपनि आगामि समयमा वडाको पनि समन्वय र सहकार्य रहने उनले बताइन् । यसरी मैदान निर्माण गर्न सके वडाबाट खेलाडी उत्पादनमा सहयोग पुग्ने उनको भनाई थियो । मैदान निर्माण समितिका अध्यक्ष नेपालको अध्यक्षतमा भएको कार्यक्रममा हेटौंडा-११ का वडा सदस्यद्धय संजय विडारी, बिकास नेपाल, डाब्डुङ्गे सामुदायीक बनका अध्यक्ष सालिकराम पुडासैनी, टोल बिकास सस्था नगर समन्वय समितिका उपमहानसचिव देबकुमार श्रेष्ठ, टोल बिकास सस्था वडा समन्वय समितिका संयोजक यज्ञबहादुर आचार्य भैरबकुञ्ज टोल विकास सस्थाका अध्यक्ष मेघनाथ रेग्मी लगाएतको आथिथ्यता रहेको थियो ।

# रोजगार सम्बन्धी अभिमुखीकरण र अन्तरक्रिया

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सबै वडामा रोजगारीको हक, आवेदन दर्ता प्रक्रिया र वैदेशिक रोजगार सम्बन्धि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम भएको छ । पालिकाको रोजगार सेवा केन्द्रको आयोजानामा कार्यक्रम भएको हो ।

रोजगार सेवा केन्द्रले वडा नम्बर १ देखि ५ सम्म कार्यक्रम गरेको रोजगार संयोजक नानीमायाँ घलानले जानकारी दिइन् । कार्यक्रमहरूमा गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमा कुमारी लामा, पाँच वटै वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, वडा सचिवहरू, कर्मचारीहरू तथा टोल विकास समितिका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा



स्थानीय लक्षित वर्गका १८ वर्ष देखि ५९ वर्ष उमेर समुहका महिला पुरूषहरूको पनि सहभागिता रहेको थियो ।

कार्यक्रमहरूमा रोजगार सेवा केन्द्र संयोजक नानीमाया घलानले प्रस्तुतीकरण गरेकी थिइन् । १३ फागुनबाट शुरू भएको वडास्तरीय कार्यक्रम एक दिन एउटा वडाका दरले १७ फागुनसम्म सञ्चालन भएको थियो ।



# हेटौंडा उपमहानगर प्रथम

◆ विकास संवाददाता



संघीय सरकारले गरेको स्थानीय तहको मूल्याङ्कनमा मकवानपुरमै हेटौंडा उपमहानगरपालिका पहिलो स्थानमा रहेको छ । संघीय सरकारले वार्षिक रूपमा तीन वटा कार्यविधि बमोजिम स्थानीय तहको मूल्याङ्कन गर्दै आएको छ । प्रारम्भिक र अन्तिम नतिजा गरी संघले आर्थिक वर्ष २०७९/०८० को मूल्याङ्कन सार्वजनिक गरेको छ ।

संघीय सरकार अन्तर्गत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहहरूको कार्य सम्पादन मुल्याङ्कन (कासमू), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिजा) र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (एफआरए) का सूचकहरूमा मूल्याङ्कन गरेको हो । एफआरए र लिजा १०० पूर्णाङ्क र स्थानीय तहको कासमू ७६ पूर्णाङ्कमा सरकारले मूल्याङ्कन गरेको हो । तीनवटै मुल्याङ्कनको औषत प्रतिशतमा हेटौंडा उपमहानगरपालिका ६९.४४३ प्रतिशत सहित अग्र स्थानमा रहेको छ । ६५.३२९ प्रतिशतसहित थाहा नगरपालिका दोस्रो र ६३.४२१ प्रतिशत अंकसहित मनहरी गाउँपालिका तेस्रो स्थानमा रहेको छ ।

त्यसैगरी कैलाश गाउँपालिकाले ५८.२६३ प्रतिशत अंक पाएको छ भने मकवानपुरगढीले ५७.९३९, राक्सिराङले ५४.९६५, बकैयाले ५४.४७८, भीमफेदीले ४१.४१२, इन्द्रसरोवरले ४६.७७६ र बागमती गाउँपालिकाले सबैभन्दा कम ४६.३८१ प्रतिशत औषत अंक पाएको छ ।

त्यसो कासमू र लिजामा हेटौंडा प्रथम नै भएको छ भने एफआरएका सूचकहरूमा थाहा नगरपालिका र मनहरी गाउँपालिका समान अंकसहित प्रथम स्थानमा रहेका छन् ।

# थाहानगरमा 'नलेखिएको कथा' को उपप्रमुख गोपालीबाट शुभ मुहर्त

◆ विकास संवाददाता

टेलिचलचित्र 'नलेखिएको कथा'को थाहा नगरपालिका स्थित डाँडा घरे बा को होमस्टे फाँटबजारमा मुहूर्त गरिएको छ । प्रभाकर देव शर्माको निर्देशनमा निर्माण हुन लागेको उक्त टेलिचलचित्रको १७ फागुनमा मुहूर्त गरिएको हो । पूजाआजासहित थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीबाट भएको मुहूर्तमा फिल्मका प्रमुख कलाकार अशोक शिवाकोटी र मन्जु श्रेष्ठले मुहूर्त सट दिएका थिए ।

हिल्स होम थियटर एण्ड प्रोडक्सन हाउसको ब्यानरमा निर्माण हुने टेलिफिल्मको छायाङ्कन थाहानगरको डाडाँघरे बाको होमस्टे वरपर हुनेछ । लेखन, ओम आवस्थीको छायाङ्कन, रूपा मानन्धरको श्रिङ्गार तथा रविन्द्र कुमार शाहीको मुख्य सहायक निर्देशन रहनेछ ।

थाहा नगरपालिकाको २ नम्बर वडा सदस्य युवराज बिष्टको अध्यक्षता तथा थाहानगर उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको मुहूर्त समारोहमा वडा नम्बर २ का अध्यक्ष बम बहादुर सिङ्तान, थाहा फिल्म फेस्टिभलका संयोजक प्रमोदकृष्ण जोशी, थाहानगर उद्योग वाणिज्य संघका उपाध्यक्ष सुरेन्द्रमान प्रधान, बलिदान लामा लगायतकाले शुभकामना दिएका थिए । समारोहमा थाहा नगरपालिकाका सामाजिक विकास अधिकृत अनिल लामिछाने, सूचना अधिकृत सुरजकुमार भुजेल, थाहा फिल्म फेस्टिबलका सह संयोजक राजिव कुमार स्याङ्तान, लगायतका उपस्तिथिती रहेको थियो ।




धारावाहिक टेलिचलचित्र 'नलेखिएको कथा'मा अशोक सिवाकोटी, स्नेहा क्षेत्री, राजन थापा, मन्जु श्रेष्ठ, राजकुमार ब्लोनलगायतका स्थानीय कलाकारहरूको अभिनय रहने निर्माण टिमले जनाएको छ ।

टेलिचलचित्र नलेखिएको घाउमा जातिय छुवाछूतको कथा रहेको निर्देशक प्रभाकर देव शर्माले जानकारी दिए । टेलिचलचित्रमा राजन थापाको कथा मुर्हत समारोहमा शुभकामना दिदै उपप्रमुख भरत गोपालीले थाहा नगर चलचित्र छायांकन गर्नको लागि उपयुक्त स्थल छनौट गर्नुभएकोले फिल्मकर्मी हरूलाई धन्यवाद दिदै फिल्मकर्मी हरूको आगमनले नगरको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए ।

# थाहानगरमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी अभिमुखीकरण

◆ विकास संवाददाता

थाहा नगरपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा १८ फागुनमा प्रधानाध्यापकहरूका लागि अभिमुखीकरण गरिएको हो । पालुङ जेसिज सभाहलमा भएको अभिमुखीकरणमा थाहा नगर क्षेत्र भित्रका विद्यालयहरूका प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो । सहभागीहरूलाई थाहा नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख माधव विक्रम मल्ल र सुर्य बहादुर थिङले सहजीकरण गरेका थिए । अभिमुखीकरण कार्यक्रमको अवसरमा अनिवार्य तथा निःशुल्क शिक्षाको विषयमा शिक्षा शाखाका थिङले प्रस्तुतिकरण समेत गरेका थिए ।

शिक्षा शाखा प्रमुख मल्लको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगर पालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, रोजगार संयोजक कुमार नेगी, सूचना प्रविधि शाखा प्रमुख भगिरथ कार्की, सूचना अधिकारी सुर जकुमार भुजेल, नगर प्रमुखका प्रेस संयोजक शम्भू अधिकारी, एमआइएइस फिल्ड सहायक अच्युत विडारी लगायतकाको उपस्थिती थियो ।

**ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यवस्थापनको लागि ट्याङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

**ट्याङ्कर सेवाको लागि सम्पर्क :-**
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

**थाहा नगरपालिका**
ईन्द्रायणिचौर मकवानपुर ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईन्द्रायणीचौर, मकवानपुर**

**आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धी ३० दिने बोलपत्र आव्हानको सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२५**

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ को (घ) मा व्यवस्था भए बमोजिम थाहा नगरपालिकाबाट बाहिर जाने तरकारि व्यवसाय कर उठाउन २०८१ बैशाख देखि २०८१ साल चैत्र महिना सम्मको लागि बोलपत्रबाट ठेक्का लगाउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रहि रितपूर्कको सिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा कागजातहरु यस कार्यालयको Website: www.thahamun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

**तपशिलः**

| ठेक्का नं. | विवरण | न्युनत्तम ठेक्का रकम रु. (भ्याट वाहेक) | टेण्डर फाराम दस्तुर रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५/२०८०/८१ | तरकारी व्यवसाय निकासी कर | ४६,७९,०००।०० (छयालिस लाख उनान असी हजार) मात्र | २,०००।०० | कबोल अंकको ५% | |

**प्रमुख प्रशासकीय अधिकृत**



**समयमै व्यक्तिगत घटना दर्ता गरौं ।**

**थाहा नगरपालिका**
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# अपाङ्गता भएका व्यक्तिका लागि क्षमता अभिवृद्धि तालिम

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाभित्र रहेका अपाङ्गता भएका व्यक्तिको क्षमता विकासका लागि तीन दिने तालिम प्रदान गरिएको छ। अविलिस फाउण्डेसन फिनल्याण्डको सहयोगमा अपाङ्ग स्वावलम्बन जीवनपद्दति केन्द्र मनहरी–७ मकवानपुरले आवासीय तालिमको आयोजना गरेको हो ।

तालिममा राक्सिराङ गाउँपालिका भरका ४० जना अपाङ्गता भएका व्यक्ति सहभागी भएको अपाङ्ग स्वावलम्बन जीवनपद्धति केन्द्र मनहरीका अध्यक्ष दिलबहादुर स्याङ्बोले जानकारी दिए । तालिममा राक्सिराङ गाउँपालिका सामाजिक विकास शाखाका गोविन्द अधिकारी, राष्ट्रिय अपाङ्ग महासंघका सल्लाहकार गणेशचन्द्र दवाडी, महासंघका बागमती प्रदेश कार्यक्रम संयोजक सीता मल्लठकुरी, सञ्चारकम शिवकुमार काशी, मनोसामाजिक परामर्शदाता सुमिरा लामालगायतले सहजीकरण गरेका थिए ।

अपाङ्गता भएका व्यक्तिको नेतृत्व क्षमता बढाउन, सञ्चार सीपको विकास गर्न र आफूलाई सबल छु भन्ने महशुस गराउनका लागि तालिमको आयोजना गरिएको अध्यक्ष स्याङ्बोले बताए । तालिममा सहभागी भएपछि अपाङ्गता भएका व्यक्तिले उच्चमनोबल बनाएर घर



फर्केको उनको भनाई छ ।

कार्यक्रमको समापन गर्दै राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले अपाङ्गता भएका व्यक्तिको पीर मर्कामा गाउँपालिकाले ध्यान दिने प्रतिबद्धता जनाएका छन् । उनले आगामी योजना निर्माण र कार्यान्वयनका चरणमा गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा पनि ध्यान दिने बताए ।

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय शिखरकोट

**सूचना ! सूचना !! सूचना !!!**

भूमि व्यवस्थापन तथा अभिलेख विभागको नाममा ब्लु बुक दर्ता कायम रहेको बा.२ ब ९५८२ नम्बर रहेको च्याचिस नं.: D2A11c43JRA03199 इन्जीन नं. DHYRJA26348 बजाज कम्पनी को १५० सिसि को रातो कालो मिश्रित मोटरसाइकल मिति २०८०।११।११ गतेका दिन थाहा नगरपालिका वडा नं. २ पालुङबाट हराएकोले फेला पार्नु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा यस मालपोत कार्यालय शिखरकोट मकवानपुरमा बुझाईदिनु हुन यो सुचना सबैको जानकारीका लागी प्रकाशित गरिएको छ ।

## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाई हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन–तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ देखि ६५ वर्ष उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
-रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं ।

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## थाहा नगरपालिका रोजगार सेवा केन्द्रको सूचना

चालु आर्थिक वर्ष २०८०/८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकले २०८० फागुन महिनाभरिमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यससम्बन्धी थप जानकारी थाहा नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र, वडा कार्यालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np वा थाहा नगरपालिकाको वेबसाइट www.thahamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

थाहा नगरपालिका
**रोजगार सेवा केन्द्र**

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
| --- | --- | --- |
| १ | जन्मने बितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

**थाहा नगरपालिका**

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
| --- | --- |
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी